**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७४ सालको मुद्दा नं. ०७५-RB-००२३**

**निर्णय नं. ६८**

**मुद्दाः- भन्सार महसुल ।**

| | |
|---|---|
| नवलपरासी जिल्ला तमसरिया गा.वि.स. वडा नं. ६ को परिवर्तित नवलपुर जिल्ला मध्यविन्दु नगरपालिका वडा नं. ८ स्थित न्यू मनकामना मिलर प्रोडक्ट प्रा.लि. तर्फबाट ऐ. प्रा.लि. का संस्थापक अध्यक्ष विष्णु कुमार कार्की..........................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| नेपाल सरकार, भन्सार विभाग अन्तर्गत भन्सार जाँचपास परीक्षण कार्यालय, सुविधानगर, तिनकुने, काठमाण्डौ...........................................................१ | प्रत्यर्थी |

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख भन्सार परीक्षण प्रशासक किशोर जोशी ।

शुरु निर्णय मितिः - २०७४/११/२१

शुरु निर्णय गर्ने कार्यालयः- श्री भन्सार जाँचपास परीक्षण कार्यालय, तिनकुने, काठमाण्डौ ।

यसमा भन्सार जाँचपास परीक्षण कार्यालय, सुविधानगर, तिनकुने, काठमाण्डौको निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६१ र ६२ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम पुनरावेदकको पुनरावेदन दर्ता हुन आई यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको देखिन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. श्री भन्सार जाँचपास परीक्षण कार्यालय, तिनकुने, काठमाण्डौको कार्यक्षेत्र अन्तर्गका पैठारीकर्ता श्री **New Manakamana Miller Product Pvt. Ltd.** ले भैरहवा भन्सार कार्यालयबाट मिति (इश्वी सन) २०१४।३।१२ सम्ममा १९७३७ प्रज्ञापन पत्रबाट पैठारी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको विवरण मिसिल सामेल रहेको ।

२. प्रस्तुत पैठारीकर्ताले वर्गिकरण फरक पारी घटी महसूल दाखिला गरेको देखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम थप महसूल निर्धारण गर्नुपर्ने भएको हुँदा सो

बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (३ग) बमोजिम पैठारीकर्तालाई मिति २०७४।९।२१ मा विस्तृत व्यहोरा खुलाई सन २।७।२०१८ मा गोश्वारा हुलाक मार्फत रजिष्ट्रपत्र नं. RD751524409NP बाट लिखित सूचना जारी गरिएको मिसिलबाट देखिन्छ ।

३. पैठारीकर्ताले कार्यालयको म्यादभित्र कुनै लिखित जवाफ पेश गरेको नपाइएको हुँदा मिति २०७४।९।२१ मा जारी गरिएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप महसूल निर्धारण मनासिव नै भएको पाइयो । अतः प्रस्तुत पैठारीले दाखिला गर्नुपर्ने भन्सार महसूल रु. ७५,०८४।– तथा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ वा ३ बमोजिम शतप्रतिशत जरिवाना रु. ७५,०८४।– समेत जम्मा रु. १,५०,१६८।– मू.अ.कर रु. १०,३४,६६३।– तथा सोही ऐनको दफा ३४ को उपदफा २ वा ३ बमोजिम शतप्रतिशत जरिवाना रु.१०,३४,६६३।– समेत जम्मा रु. २०,६९,३२६।– समेत कूल जम्मा रु. २२,१९,४९४।– को भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम जारी गरिएको शुरु कार्यालयको मिति २०७४/११/२१ को महसूल निर्धारण आदेश ।

४. पुनरावेदकले क्रसिङ्ग मेसिन आयात गर्दा प्राप्त विल विजक, प्रतित पत्र, प्याकिङ्ग लिष्ट तथा प्रज्ञापन पत्र समेतमा आयात गरिएको मालवस्तु क्रसिङ्ग मेसिन भन्ने प्रष्ट रुपमा उल्लेख गरिएको छ र सोही बमोजिम मालवस्तु आयात गरिएको पनि छ । आयात गरिएको मालवस्तु कम्पनीको ठेगाना जिल्ला नवलपरासी त्रिवेणी सुस्तापूर्व मध्यविन्दु नगरपालिका वडा नं. ८ मा लगि जडान गरी कम्पनी संचालन गरिएको हो । आर्थिक ऐन २०७०।०७१ मा क्रसिङ्ग मेसिनमा भन्सार महसूल नलाग्ने व्यवस्था छ विपक्षी कार्यालयले **HS Code** ८४७४९००० वर्गिकरण शिर्षक अन्तर्गत पैठारी भएको मालवस्तु भनी पुनरावेदक कम्पनीलाई जरिवाना, मूल्य अभिवृद्धि कर समेत थप महसूल लगाउने गरी भएको विपक्षी भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौंको मिति २०७४।११।२१ मा भएको निर्णय त्रुटिपूर्ण छ । तसर्थ विपक्षी भन्सार जाँचपास परीक्षण कार्यालयको निर्णय भन्सार ऐन, २०६४ को दफा ३४(३) र आर्थिक ऐन, २०७०।७१ विपरीत भई त्रुटिपूर्ण भएकोले उक्त निर्णय उल्टी गरी शुरुको जाँचपास सदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदनपत्र ।

५. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकील कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भन्ने मिति २०७५/०६/१९ को यस न्यायाधिकरणको आदेश ।

## ठहर खण्ड

६. नियमबमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक तर्फबाट उपस्थित हुन भएका विद्वान वरिष्ठ अधिवक्ता श्री बालचन्द्र आचार्यले पक्षले हार्मोनाइज्ड कोड नं. ८४७४२००० बाट क्रसिङ्ग मेसिन नै ल्याएकोमा शुरु कार्यालयले कोड नं. ८४७४९००० अन्तर्गतको पाटपूर्जा हो भनी गरेको महसूल निर्धारण

मिलेको छैन । मेरो पक्षलाई गरिएको जरिवाना कुन दफा/उपदफा अन्तर्गत गरिएको हो शुरु निर्णयमा प्रष्टसँग उल्लेख हुन सकेको छैन ।अख्तियारनामा दिई नियुक्त गरेको प्रतिनिधिलाई महसूल निर्धारणको सूचना नदिई हुलाक मार्फत प्रेषित गरेको र सूचना बुझेको निस्सा नभई गरेको निर्णयबाट सुनुवाईको मौकाबाट बञ्चित गरिएको अवस्था हुँदा शुरु निर्णय बदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. त्यसैगरी प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईले अख्तियारनामा दिएर प्रतिनिधि नियुक्त गरेपछि परीक्षणको जानकारी भएन, सुनुवाईको मौका पाएन भनी भन्न मिल्दैन । **Invoice** मा मात्र उल्लेख भएको सामानले क्रशर मेशिन चल्दैन । तसर्थ शुरु कार्यालयबाट भएको निर्णय मनासिब नै हुँदा पुनरावेदन जिकिर बमोजिम गर्न मिल्ने होईन, शुरु कार्यालयको काम कारवाही सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्तानुसार पुनरावेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता एवं प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विद्वान सरकारी वकीलको बहस सुनी मिसिल कागजातहरुको अध्ययन गरी हेर्दा शुरु भन्सार जाँचपास परीक्षण कार्यालय, काठमाण्डौको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. निर्णय तर्फ विचार गर्दा पुनरावेदकले आफूले पैठारी गरेको मालवस्तु हार्मोनाइज्ड कोड ८४७४२००० अन्तर्गतको क्रसिङ्ग मेशिन हो भन्ने जिकिर लिएकोमा कार्यालयबाट निर्णय हुँदा पैठारी भएका मालवस्तु हार्मोनाइज्ड कोड ८४७४९००० अन्तर्गतको मेसिनका अङ्गहरु (पार्टस्) भएको भनी मूल्याँकन भएको पाइन्छ । पैठारी गरिएका मालवस्तुहरु पुनरावेदकले ट्रक नं. **HR 55 E 6368, HR 55 E 2072, HR 37 A 4520** र **HR 38 N 0844** बाट पैठारी गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । क्रसिङ्ग मेशिन सिङ्गै पैठारी गर्न नसकिने हुँदा टुक्राटुक्रा गरी पैठारी गरिएको हो भन्ने पुनरावेदकको जिकिर छ । त्यसैगरी पुनरावेदको प्रा.लि.को दर्ता नं. ९०/५५१५/०७०/०७१ भएको मिसिल संलग्न निज प्रा.लि.को पत्रबाट देखिएको छ भने पैठारी गर्दा भरेको प्रज्ञापनपत्रको मिति २०७०/११/२८ (सन् ३/१२/२०१४) देखिन्छ । शुरु कार्यालयबाट पुनरावेदकले पैठारी गरेका मालवस्तुहरु प्रत्यर्थीले निर्धारण गरेकै भन्सार उपशिर्षक अन्तर्गतको भएको भन्ने कुराको निष्कर्ष सम्बन्धित पुनरावेदक प्रा.लि.को कारखाना रहेको स्थानमा गई निरीक्षण गरी गरेको हो वा अन्य कुनै आधारमा गरेको भन्ने निर्णयको आधार कारणबाट खुल्न सकेको पाइदैन ।

१०. शुरु निर्णयमा पुनरावेदकलाई जरिवाना गर्दा भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा २ वा ३ भनी उल्लेख भएको पाईन्छ । निर्णयकर्ताले आफ्नो निर्णयमा प्रष्ट आधार र कारण खुलाउनुका अतिरिक्त निर्णय गर्ने विषयमा आफू प्रष्ट हुनुपर्दछ । जसबाट निष्पक्ष न्याय सम्पादन गर्नमा मद्दत पुग्दछ तर प्रस्तुत मुद्दाको शुरु निर्णयमा निर्णयकर्ताले पुनरावेदकलाई कुन दफा उपदफा अन्तर्गत

जरिवाना गरेको स्पष्ट रुपमा उल्लेख गर्न सकेको पाइदैन । भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ र ३ मा तत्कालिन अवस्थामा निम्न व्यवस्था भएको पाईन्छ ।

*(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा पैठारीकर्ताले पैठारी गरेका मालवस्तु निजले घोषणा गरेको भन्दा भिन्न मालवस्तु पाइएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटि घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असूल भएको देखिएमा भन्सार परीक्षकले त्यसरी घटी भएको मूल्य वा परिमाणमा पैठारी हुँदाका वखत लाग्ने महसुल निजबाट तत्काल असुल गरी घटी कारोबार मूल्य वा परिमाण घोषणा गरे वापत निजलाई यस ऐन बमोजिम कारवाही गर्नेछ ।*

*तर घटी कारोबार मूल्य घोषणा गरेकोमा लाग्ने महसुलको शतप्रतिशत जरिवाना गर्नेछ।*

*(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गिकरणको उपशिर्षक फरक परेको कारणले कम महसुल असूल भएको देखिएमा त्यस्तो कम महसुल रकम र सो बराबरको जरिवाना रकम भन्सार जाँचपास परीक्षण कार्यालयले पैठारीकर्ताबाट तत्काल असुल गर्नेछ।*

उक्त दुबै उपदफामा निर्धारित जिम्मेवारी वहन नगरेमा नगर्ने व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था गरेतापनि जरिवाना गर्ने अवस्था र स्थिति फरक फरक उल्लेख भएको देखिन्छ । यसरी शुरु कार्यालयले वीचमा वा राखी दुबै उपदफा उल्लेख गरी अनिश्चिततामा गरेको निर्णय कायम रहन सक्ने अवस्थाको देखिदैन ।

११. त्यसैगरी पुनरावेदकले भन्सार जाँचपास पछिको परीक्षणको लागि श्री नारायणप्रसाद अर्याललाई आफ्नो प्रतिनिधि नियुक्त गरी अख्तियारी प्रदान गरेको मिसिल संलग्न अख्तियारिनामा दिइएको पत्रबाट देखिन्छ । यस्तो अवस्थामा निजको प्रतिनिधिलाई सवुत प्रमाण पेश गर्ने सम्बन्धको पत्र नबुझाई हुलाक मार्फत पठाउनु र पत्र रजिष्ट्री गरेको मितिलाई आधार बनाउदा पैठारिकर्ताले पत्र प्राप्त गरे वा नगरेको एकिन नगरी पैठारीकर्ताले कार्यालयको म्याद भित्र कुनै लिखित जवाफ पेश नगरेको भनी निर्णयमा उल्लेख गरी गरिएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको रोहमा समेत सुनुवाईको मौका दिई गरेको निर्णय मान्न मिलेन । महसुल निर्धारणको सम्बन्धमा अख्तियार प्राप्त अधिकृतबाट हुने निर्णय शुद्ध प्रशासकीय प्रकृतिको नभई अर्धन्यायिक प्रकृतिको निर्णय हो । अर्धन्यायिक अधिकारीले कसैको व्यवसायिक कारोबारमा असर पर्ने निर्णय गर्दा आफै आधार र कारण खोली सम्बन्धित पक्षलाई आफ्नो भएको व्यहोरा पेश गर्ने मौका प्रदान गरी निर्धारित समय भित्र आफ्नो कुराहरु राखेमा त्यस्ता कुराहरुलाई समेत विवेचना गरी र निर्धारित अवधि भित्र आफ्ना कुरा नराखेमा सोही व्यहोरा जनाई निर्णयमा पुग्नु पर्दछ । आफ्नो भएको व्यहोरा विवरण नै पेश गर्न मौका नदिने कार्य स्वच्छ सुनुवाईको मान्यता विपरीतको कार्य भई त्यस्तो स्वच्छ सुनुवाईको अभावमा गरिने कार्यलाई न्यायिक मनको अभावमा गरिने कार्य मानिने र त्यसरी भएको निर्णयलाई कानूनसम्मत निर्णय मान्न मिल्दैन।

१२. अतएवं माथि बिबेचित आधार र कारणबाट पुनरावेदक न्यू मनकामना मिलर प्रोडक्ट प्रा.लि.ले प्रज्ञापनपत्र नं.१९७३७ बाट पैठारी गरेको मालवस्तुको भन्सार जाँचपास पछिको परीक्षण गरी महसूल निर्धारण गर्ने गरी भएको मिति २०७४/११/२१ को भन्सार जाँचपास परीक्षण कार्यालयको निर्णय मिलेको नदेखिँदा बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्छ बुझी निर्णय गर्नु भनी पुनरावेदकलाई तारेख तोकी शुरु भन्सार जाँचपास परीक्षण कार्यालयमा पठाउने ठहर्छ। अरु तपसीलबमोजिम गर्नु ।

## तपसील

माथि ठहर खण्डमा पुनरावेदक न्यू मनकामना मिलर प्रोडक्ट प्रा.लि.ले प्रज्ञापनपत्र नं.१९७३७ बाट पैठारी गरेको मालवस्तुको भन्सार जाँचपास पछिको परीक्षण गरी महसूल निर्धारण गर्ने गरी भएको मिति २०७४/११/२१ को भन्सार जाँचपास परीक्षण कार्यालयको निर्णय मिलेको नदेखिँदा बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्छ बुझी निर्णय गर्नु भनी पुनरावेदकलाई तारेख तोकी शुरु भन्सार जाँचपास परीक्षण कार्यालयमा पठाउने ठहरेकाले प्रस्तुत फैसलाको प्रतिलिपी राखी शुरु मिसिल फैसलाबमोजिम गर्नु भनी भन्सार जाँचपास परीक्षण कार्यालय, काठमाण्डौ पठाई दिनु साथै तारिखमा रुजु रहेका पुनरावेदक वारेशलाई सो कार्यालयमा हाजिर हुन जानु भनी तारेख तोकी पठाई दिनु ....................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी विशेष सरकारी वकील कार्यालयलाई दिनु.............२

सरोकारवाला पक्ष फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु..........................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिन ..........................................................................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री रबि न्यौपाने

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल माघ २० गते रोज १ शुभम..............................